# सुदूरपश्चिम विश्वविद्यालय
## परीक्षा नियन्त्रण कार्यालय,
## महेन्द्रनगर कञ्चनपुर ।

**स्नातकोत्तर तह प्रथम सेमेस्टरको परीक्षा दिने परीक्षार्थीको परीक्षा आवेदन फाराम भर्ने अत्यन्त जरुरी सूचना ।**

**सूचना प्रकाशित मिति : २०७८ । ११ । २२ गते**

सुदूरपश्चिम विश्वविद्यालय परीक्षा नियन्त्रण कार्यालय महेन्द्रनगर कञ्चनपुरद्वारा २०७८/०७९ सालको परीक्षा कार्यक्रम अनुसार सञ्चालन हुने मानविकी तथा सामाजिक शास्त्र संकाय, शिक्षाशास्त्र संकाय, व्यवस्थापन संकाय अन्तर्गत सेमेस्टर प्रणालिमा सञ्चालित **स्नातकोत्तर तह प्रथम सेमेस्टरको** नियमित (पुरा एवं आंशिक) परीक्षा दिने परीक्षार्थीहरु स्वयंले निम्नानुसार परीक्षा आवेदन फाराम भरि आ–आफ्नो क्याम्पस/विभागमा **मिति २०७८ चैत १० गते** सम्म बुझाउन हुन सम्बन्धित सबैको जानकारिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**निम्न**

१. आंशिक परीक्षार्थीले गत सालको सोही खण्डको परीक्षा दिएको रोल नम्बर र वर्ष फारामको निर्दिष्ट ठाउँमा अनिवार्य लेख्नु पर्ने छ ।

२. फाराम परीक्षार्थी स्वयम्ले भरी बुझाउनु पर्ने छ ।

३. फाराम भर्दा वि.वि को नियमावली/(स्वीकृत विषय) तथा पाठ्यक्रमले तोके बमोजिम विषयहरु मात्र भर्न भराउनु पर्ने छ । अन्यथा भएमा प.नि.का. जवाफदेही हुने छैन ।

४. परीक्षा दिने सैद्धान्तिक र प्रयोगात्मक विषय छुट्याई कोड नम्बर सहित पुरा नाम स्पष्ट खुलाएर लेख्नु पर्ने छ।

५. क्याम्पस/विभागले फाराम बुझाउनु अगाडि आन्तरिक मूल्यांकनको परीक्षामा उत्तीर्ण विद्यार्थीका मात्र फाराम बुझी भरेका प्रत्येक फाराम रुजु गरी अंग्रेजी वर्णानुक्रमानुसार स्पष्ट लगत राखी एक प्रति प्रिन्ट सहित CD मा अथवा प.नि.का. को ईमेल ठेगाना **info@fwuexam.edu.np** मा राखी उपलब्ध गराउनु पर्ने छ ।

६. परीक्षार्थीले हालसालै खिचेको दुईप्रति एकनासको पासपोर्ट साइजको फोटो टाँसी फोटो र फाराममा समेत पर्ने गरी क्याम्पस प्रमुख/विभागीय प्रमुखको हस्ताक्षर हुनु पर्ने छ ।

७. **क्याम्पस/विभागको हकमा** :- पहिलो म्याद सकिएको २ दिनभित्र नै परीक्षा दस्तुर रकम बुझाएको बैङ्क भाउचर सु.प.वि.प.नि.का. को नबिल बैङ्क महेन्द्रनगरको खाता नम्बर २९०१०१७५००४२४ या नेपाल बैङ्क लिमिटेड महेन्द्रनगरको खाता नम्बर १५६००१०६८७४६६९००००० मा एकमुस्ट दस्तुर रकम तिरेको बैङ्क भाउचर सहित अनिवार्य बुझाउनु पर्नेछ र उक्त भाउचर बनाएको ४ दिनभित्र परीक्षा आवेदन फाराम उक्त भाउचर सहित परीक्षा नियन्त्रण कार्यालयमा अनिवार्य रुपमा बुझाई सक्नु पर्नेछ, अन्यथा विलम्ब शुल्क विभागले/क्याम्पसले नै तिर्नु पर्ने छ ।

८. साधारण म्याद सकिएको ७ दिन भित्र (**२०७८ चैत १७ गते सम्म**) दोब्बर दस्तुर लिई फाराम बुझिनेछ ।

९. परीक्षा शुल्क :- प्रति खण्ड वा सेमेस्टर स्नातकोत्तर तहलाई रु १२०० लाग्नेछ ।

१०. प्रयोगात्मक शुल्क :- प्रति खण्ड प्रति विषय स्नातकोत्तर तहका लागि रु ३०० का दरले लाग्ने छ ।

११. थप जानकारिका लागि प.नि.का.को **Website: www.fwuexam.edu.np, या exam.fwu.edu.np** मा पनि हेर्न सकिनेछ ।

१२. **परीक्षा दिन पाउने अवधि सम्बन्धमा** : सुदूरपश्चिम विश्वविद्यालय परीक्षा व्यवस्थापन तथा सञ्चालन कार्यविधि २०७८ अनुसूची २ को नियम १०.(क) मा "४ वर्षे शैक्षिक कार्यक्रमका विद्यार्थीले पहिलो पटक परीक्षामा सम्मिलित (परीक्षा फाराम भरेको) भएको वर्षबाट ८ (आठ) वर्ष, दुई वर्षे शैक्षिक कार्यक्रम ६ वर्ष तथा जति वर्षको शैक्षिक कार्यक्रम हो त्यसमा चार वर्ष जोडेर हुन आउने वर्ष भित्र पाठ्यक्रमले तह पुरा गर्न तोकेको सम्पूर्ण आवश्यकताहरु पुरा गरी सक्नु पर्नेछ" । अथवा २ वर्षे स्नातकोत्तर शैक्षिक कार्यक्रममा विद्यार्थीहरूले पहिलोपटक परीक्षामा सम्मिलित (परीक्षा फाराम भरेको) भएको वर्षवाट लगातार ६ वर्षभित्र पाठ्यक्रमले तह पूरागर्न तोकेको सम्पूर्ण आवश्यकताहरू पूरा गरी सक्नु पर्ने छ । ***अतः दुई वर्षे स्नातकोत्तर तहमा २०७२ सालमा भर्ना भई २०७३ सालमा प्रथम सेमेस्टर प्रथम पटक परीक्षा दिएकाहरूका लागि यो अन्तिम पटकको परीक्षा हुने छ ।***

परीक्षा नियन्त्रक